# काठमाडौं विश्वविद्यालय

## काठमाडौं विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित खोज तथा सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/९/१८)

काठमाडौं विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित खोज तथा सिफारिस समितिबाट मिति २०८१/९/१६ मा स्वीकृत "काठमाडौं विश्वविद्यालयको उपकुलपति खोज तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१" बमोजिम दरखास्त आह्वान गरिएको छ । इच्छुक तथा योग्य व्यक्तिले ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, बालकुमारी स्थित काठमाडौं विश्वविद्यालयको स्कूल अफ मेनेजमेन्टमा उक्त कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएको ढाँचामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिनभित्र कार्यालय समयमा (११ बजे देखि ४ बजेसम्म) दरखास्त पेश गर्न आह्वान गरिएको छ । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट दरखास्त दिन सकिनेछ । कार्याविधि सम्बन्धी विस्तृत जानकारी काठमाडौं विश्वविद्यालयको वेवसाइट (www.ku.edu.np) मा उपलब्ध छ ।